# खोनमा वंश बारे श्रुति,अनुभूति र विचार

डा.पुलकित चौधरी

औरहा,सुरुंगा-११,सप्तरी

स्वयं जागरण र स्व पहिचान अभियान:

केहि वर्ष यता थारु समुदायका विभिन्न खलक (दियाद वा वंश ) बारे सचेतना,खोजीनिति र तथ्यांक संकलन गर्ने जागरण बढेको छ । सप्तरी ,सिराहा ,उदयपुर,सुनसरी र मोरंगमा बसोबास गरि रहेको कति वंशहरुले आ-आफ्नो वंशावली पनि तयार गरी प्रकाशित गरी सकेको छ र सार्वजनिक वा सामुहिक भेला वा दियाद सम्मेलन नै गर्ने गरेको छ।यो भेला वा दियाद सम्मेलनमा कहिल्यै भेट नभए पनि आफ्नै वंशज वा नजिक रगत नाता पर्ने मानिस sang भेटघाट ,चिनापर्ची र कुराकानी हुनु एउटा एकदमै सकारात्मक परम्पराको शुरुवात भएको छ,थारु समुदायमा यस्ता सय भन्दा बढी खलक वा पंगहैत छन् जस्तै : खोनमा , गजराज , इसरान आदी ।

समयको प्रवाहसंगै जीवन यापनका क्रममा एउटा वंशजहरु विभिन्न जिल्लाका विभिन्न स्थानहरुमा बसोबास गरेका तर त्यतिबेलाको भौगोलिक कठिनाई , यातायातको अभाव ,नदीनालाका कारण आवतजावतमा कठिनाई भएकोले सम्पर्क टुटेको र आफना नजिकका आफन्तहरु न चिनी रहेका अवस्थामा यस्तो दियाद सम्मेलन आफ्नो वंश परम्परा प्रति चासो र चेतना बढाउने , सम्पर्क सूत्र कायम गर्ने र सम्बन्ध स्थापना गर्ने एकदमै समय सुहाँउदो काम भएको छ ,आफ्नै पहिचान खोज्ने र पहिचान कायम गर्ने सुखद शुरुवात भएको छ। लामो समय देखि विछोड भएका आफ्नै खलकका नातेदारहरु भेटदा असाध्यै खुसीको क्षण हुने गरेको यस्ता दियाद सम्मेलनहरु । यस्ता दियाद सम्मेलनले उनीहरुका आफ्नो थाकथलो वा मूल वासस्थान र जीवन प्रवाहसंगै टाढा पुगेका आफ्ना वंशजहरुका बारेमा जानकारी संकलन गरी भविष्यमा सम्बन्ध विस्तार गर्ने,संचार कायम गर्ने राम्रो काम भएको छ ,साथै यस्ता दियाद भेलाको थुप्रै फाइदाहरु छन् ।

मान्छे एक्लै जन्मन्छ र एक्लै मर् तर जन्मदेखि मृत्यू सम्म जीवन जिउने क्रममा आफ्ना आमा बुवा दाजुभाई ,दिदीबहिनी र अन्य नातेदारहरु संग जीवन बिताउनु पर्छ ,आफ्नो परिवार ,दियाद र समाज संग मिलेर जीवन निर्वाह गर्नु पर्ने हुन्छ किनकी मान्छे सामाजिक

प्राणी हो । मान्छे समाजमा बसेपनि जीवनमा उन्नती गर्न आफु संग नै मेहनत र परिश्रम र मेहनत गर्नु पर्ने हुन्छ, यो एउटा सत्य हो तर मान्छे लाई प्रगति गर्न परिवार र समाजको पनि साथ् ,सहयोग चाहिन्छ र समर्थन चाहिन्छ,प्रेरणा र प्रोत्साहन चाहिन्छ ,अनुकुल वातावरण पनि चाहिन्छ ,उब्जाउ जमिन ,प्रशस्त पानी र अनुकुल मौसम मा बालीनाली सप्रे झैँ मान्छे को बिकास क लागी उचित शिक्षा ,दिक्षा ,पारिवारिक र सामाजिक वातावरण र समर्थन चाहिन्छ ,जीवनमा केहि बन्ने ,केहि गर्ने प्रेरणा वा जुनोन(आईन) चाहिन्छ । यही निर पारीवार र वंशको भूमिका महत्वपूर्ण हुन्छ । वंशावली मात्रै निकालेर वंशजको कर्तव्य पुरा हुदैन ,आफ्ना आफ्ना वंशजहरुलाई चाहिने प्रेरणा ,प्रोत्साहन ,ज्ञान शीप र क्षमता विकास गर्ने शैक्षिक ,व्यवसायिक प्रशिक्षण र तालिमहरु,अनुभव आदानप्रदान गर्ने जस्ता कार्यक्रम हरु पनि सम्मेलनमा राख्नु पर्छ ,एक अर्कालाई  सक्दो सहयोग गर्नु पर्दछ,मार्ग निर्देशन गर्नु पर्दछ अनि मात्रै दियाद सम्मेलन को उपयोगिता र महत्व बढ्नेछ ।

यस्ता सम्मेलनहरु स्वंय वा आफैलाई खोज्ने,बुझ्ने र आफैलाई चिन्ने जान्ने अवसर प्रदान गर्दछ । तपाईको वंश के हो?,तपाई को हो ?तपाइको पितापुर्खा को थिए? ,कस्ता थिए,कहाँका थिए ,के के महत्वपूर्ण काम गरेका थिए,त्यस बारे पुन स्मरण गर्ने र बुझ्ने मौका पनि हो ।आफ्ना पुर्खाहरुको पौरख ,पुरुषार्थ ,परम्परा ,देन सम्झेर आफै स्वंय सबल,सचेत हुने र स्वाभिमान जगाउने समय पनि हो यस्ता सम्मेलनहरु । आफ्नो गौरवमय इतिहास,संस्कार ,कला संस्कृति र वीरतापूर्ण विरासत थाम्ने ,संरक्षण र सम्बर्द्धन गर्ने र आफ्ना वंशजका भविष्य अझ प्रगतिशील बनाउने पाठ सिक्ने अवसर पनि हो ।

दियाद सम्मेलन मात्र भेटघाटमा सिमित नराखी आफ्ना वंश पुरुष ,त्यस वंशका महत्वपूर्ण व्यक्तिहरु ,देनहरु ,इतिहास,गौरवगाथा ,महत्वपूर्ण देनहरुको अभिलेख राख्नु पर्दछ ,जसले तिनका वंशजहरुलाई आत्म गौरव ,स्वाभिमान र प्रेरणा प्रदान गरोस् ।कुनै ठुलै काम गरेका वा विशेष देन दिएका व्यक्तिबाट 'वंश'को शुरुवात भएको हुन्छ र त्यै गुणका कारण ति व्यक्तिलाई वंश पुरुष भनिएको हुन्छ । आफ्ना वंश वारे गौरव गर्ने र आफ्ना भावी सन्तान वा वंशजहरुलाई पनि यो बिडा थाम्ने ,वंशको नाम अझ चम्काउने प्रेरणा दिने वंशावली प्रकाशनको सुखद उदेश्य  भएको म ठान्दछु ।

## खोनमा वंशबारे केहि श्रुति (सुनेका कुराहरु)

बाल्यकालमा आफ्ना बुवा काकाबाट आफ्ना वंश पुरुष खोनमा बारे यस्तो किस्सा सुन्ने गर्दथे । प्रश्नहरु एकै चोटी राख्थे । खोनमा को थिए ,कहाँका थिए ,कहाँ बस्थे ,के गर्दथे इत्यादी । वहाँक भनाई अनुसार वंश पुरुष खोनमा जसको नामबाट खोनमा वंश शुरु शुरु भयो वहाँ एकदमै बुद्धिमान ,चतुर,र न्याय गर्ने व्यक्तिको रुपमा प्रसिद्ध हुनुहुन्थ्यो । वहाँको एउटा दाँत वा वा मुख खोन थियो र बच्चै देखि सबैले खोनमा भनेर बोलाउथे र ठुलो भए पछि खोनमा एउटा निपुण न्याय दिने व्यक्तिको रुपमा प्रसिद्ध हुनुभयो र वहाँ जस्तो सुकै झैँ झगडा, विवाद मुद्धाको निष्पक्ष सबैलाई चित बुझ्दो हल निकाल्द्थे ,वहांको पंचैती (पंचायती) शैली नामी थियो र न्यायपूर्ण हुन्थ्यो । सबै वहांको बुद्धि ,ज्ञान र पंचायती गर्ने निर्णय गर्ने क्षमताको प्रशंशा गर्दथे । यसरी निकै प्रभावशाली र सबैले मान्ने व्यक्ति भएको ‘खोनमा’को नाम वहाँका शाखा सन्तानहरुको खोनमा वंश शुरु भयो,मलाई स्पष्ट याद त् छैन तर वहाँको वासस्थान अहिलेको सप्तरी र सिरहा जिल्लाको सिमाना निर हाल भगवानपुर रहेको थियो रे ?

कुनै पनि वंशको शुरुवात कुनै विशेष प्रभावशाली वा पराक्रमी व्यक्ति वा विशेष घटना वा स्थान वा विशिष्ठ पहिचान बनाएको आधारमा भएको पाईन्छ जस्तै दुधको दुध पानीको पानी छुटयाई दिने र पंचैती गर्ने खोनमाको नाममा खोनमा वंश ,रानी इशरावतीको नाममा इसरान ,सात दाजु भाइको नाममा सतभैया आदी,इत्यादी । यसरी यस्ता विशेष व्यक्ति,घटना,पहिलाको स्थानको खोजीनिती र ईतिहास बारे अनुसन्धान हरेक वंशका वंशजहरुको दायित्व हो ।

## खोनमा वंशवारे मेरा अनुभवहरु

खोनमा वंशको एउटा खोनमाको नाताले मैले बाली बाल्यकाल देखि नै देखेको भोगेका केहि अनुभव र बुझाईहरु राख्न चाहन्छु । हाम्रा कुल देवता महादेव,पार्वती,हनुमान हुन् ,जसलाई फूल ,अक्षता ,लड्डु,पान र सुपारी मात्रै पूजा गरिने प्रचलन छ र कुनै प्रकारको वली दिने प्रचलन छैन । हाम्रो कुल देवता महादेव भएकाले हामीलाई ‘महरखिया’भनिन्छ र हाम्रो घरमा कुखुरा,सुंगुरको मासु खान वा पाल्न बन्देज थियो । महरखियालाई शराव ,रक्सी खान पनि बन्देज थियो । सादा जीवन ,शुद्ध सात्विक भोजन र साधारण जीवनशैली

महरखियाको पहिचान थियो । तिनीहरु सोझा ईमान्दार मेहनिती तर बुद्धि ज्ञान भएको मेरो अवलोकन हो, साथै ‘खोनमा’वंशका मानिसहरु एकदमै धेरै धनीमानी भएको कमै पाइएको जस्तो मलाई लागदछ,यसबारे अझ बिस्तृत अनुसन्धान र खोज पड्‌ताल आवश्यक छ ,यो त मेरो नितान्त व्यक्तिगत अवलोकन र अनुभव हो ,जुन सहि नहुन सक्छ ।

अन्तमा हामी खोनमाहरु त्यो महान वंश पुरुष को वंशज हो ,जसको न्याय गर्ने क्षमता अदभुत थियो , बुद्धि,ज्ञान र चतुराई  प्रसिद्ध थियो । हामीमा ति महा पुरुषहरुको गुणहरु – नेतृत्व लिने क्षमता ,निर्णय कुशलता पक्कै पनि केही न केही अंश आएका होलान् । हामी ति गुणहरु जगाऔ,आफ्ना पिता पुर्खाको पराक्रमबाट प्रेरणा लियौं ,आफ्ना वंशहरुमा सम्बन्ध बढायौ,सहयोग र सहकार्य बढायौ । यहाँ मैले आफैले भोगेको र अनुभव गरेको एउटा प्रेरक प्रसंग उल्लेख गर्न चाहन्छु । भोजपुरमा जिल्ला स्वास्थ प्रमुख हुँदा एउटा एकदम संवेदनशील र गंभीर पंचैती मैले वंश पुरुष खोनमालाई सम्झेर दुधको दुध र पानीको पानी छुटाई दिए र झन्डै राई र नेवार थाकका स्टाफको झगडा जातीय दङ्गा हुन बाट बचे

। म त्यतिबेला मलाई मेरो बंश पुरुषले नै मेरो शरीरमा प्रवेश गरेर निर्णय गरेको जस्तो गौरव र बिश्वास भएको थियो । वंश पुरुषले महान कार्य गरेर वंश चलाए झै हामी वहाँका वंशजहरुले पनि त्यस्तै उल्लेखनीय काम/देन दिएर हाम्रा आउने भावी पुस्तालाई वंश परम्परा हस्तान्तरण गरौ । खोनमा वंशको वंशावलीलाई समय अनुसार डिजिटल रुपमा ल्याउन लागेकोमा धेरै धेरै बधाई साथै खोनमा वंशको बृहद सम्मेलनको सफलता र उत्तरोतर प्रगति र उन्नतिको हार्दिक शुभ कामना ।